बैठक संख्याः १२ मिति २०८३/०१/२४ गतेका निर्णयहरुः

निर्णय नं.१-प्रस्ताव नं.१ अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा छलफल गर्दा मिति २०८२/१२/०८ गतेको बैठकका निर्णयहरुको वारेमा समीक्षा गरियो ।

निर्णय नं.२-प्रस्ताव नं.२ सामुदायिक विद्यालयमा आइ.सि.टि.,पुस्तकालय र विज्ञान प्रयोगशाला वितरण सम्वन्धमा छलफल गर्दा श्री सरस्वती मा.वि. जोहाङ्ग सत्यवती-६ विज्ञान प्रयोगशाला र श्री एकसिं मा.वि. सत्यवती-४ लाई पुस्तकालय कार्यक्रमको लागि छनोट गर्ने निर्णय गरियो ।

निर्णय नं.३-प्रस्ताव नं.३ शिक्षक बैंक व्यवस्थापन सम्वन्धी कार्यविधि, २०८३ पारित सम्वन्धमा छलफल गर्दा उक्त कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.४-प्रस्ताव नं.४- सामुदायिक विद्यालय कक्षा ८ र १० मा अध्ययन गर्ने विद्यार्थीका लागि अतिरिक्त कक्षा सञ्चालन अनुदान वितरण सम्वन्धमा छलफल गर्दा विद्यार्थी संख्याको आधारमा रकम रु.८ लाख मध्येवाट कक्षा ८ र १० सञ्चालित सामुदायिक विद्यालयहरुलाई अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.५- प्रस्ताव नं. ५ गाई/भैंसी प्रवर्द्धन कार्यक्रम छनोट गर्ने सम्वन्धमा छलफल गर्दा मिति २०८२/१२/०८ गते प्रकाशित सूचना अनुसार संघीय शसर्त तर्फको गाई/भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि निर्धारित समयाबधिभित्र प्राप्त प्रस्तावना मध्येवाट श्री एकसिं स्याङ्ग कृषि तथा पशुपालन समूह सत्यवती-४ लिम्घालाई छनोट गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.६- प्रस्ताव नं.६- समूहमार्फत बाखा प्रवर्द्धन कार्यक्रम छनोट गर्ने सम्वन्धमा छलफल गर्दा मिति २०८२/१२/०८ गते प्रकाशित सूचना अनुसार प्रस्ताव पेस गरेका प्रस्तावक मध्ये देउडाँडा कृषि तथा महिला समूह सत्यवती-१, अस्लेवालाई छनोट गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

निर्णय नं.७- प्रस्ताव नं.७ तल्लो फुर्लुङ्ग प्रतिक्षालय निर्माणमा रकम थप गर्ने सम्वन्धमा छलफल गर्दा उक्त प्रतिक्षालय निर्माण अधुरो रहेकोले पुरा गर्नको लागि रकम रु.८२,५००/भैपरी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.८-प्रस्ताव नं.८ सोलार विद्युत कम्पनी दर्ता गर्ने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका, गाउँ कार्यपालिका कार्यालयले नेपाल सरकार विद्युत प्राधिकरणको सूचना अनुसार सोलार वाट १ मेघावट विद्युत उत्पादन गरी विद्युत प्रशारण लाइनमा जडान गरी पालिकाको ५१ प्रतिशत र निजि क्षेत्रको ४९ प्रतिशत गरी साझेदारीमा सत्यवती थाप्ले पावर प्रा.लि. को नाममा कम्पनी दर्ता प्रक्रिया अगाडि बढाउने निर्णय सर्वसम्मत गरियो ।साथै ४९ प्रतिशत निजी साझेदार अन्तर्गत ३० प्रतिशत श्री कृष्ण प्रसाद आचार्य(३६१९-५५१९७, काठमाण्डौ) र १९ प्रतिशत श्री गंगाधर काफ्ले शर्मा(३९९००, काठमाण्डौ) रहने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं.९-प्रस्ताव नं.९ सत्यवती थाप्ले पावर प्रा.लि. कम्पनी, कम्पनी रजिष्टारको कार्यालयमा दर्ताको लागि सत्यवती गाउँपालिका कार्यालयमा कार्यरत फिल्ड सहायक श्री दान वहादुर गाहालाई कम्पनी दर्ता कार्यको लागि प्रतिनिधि तोकी पठाउने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं.१०-प्रस्ताव नं.१० प्रस्तावित दर्ता सत्यवती थाप्ले पावर प्रा.लि.को पूंजी रु.१,००,००,०००/ (एक करोड मात्र) कायम गर्ने र उक्त पूंजी रु.१,००,००,०००/ (एक करोड मात्र)को ५१ प्रतिशतले हुन आउने रकम रु.५१,००,०००/ (एकाउन्न लाख मात्र) यस संस्थाले लगानी गर्ने निर्णय सर्वसम्मत गरियो ।

निर्णय नं.११-प्रस्ताव नं.११ साना सिंचाईका योजना छनोट गर्ने सम्वन्धमा छलफल गर्दा निम्नानुसारका योजना छनोट गरी रु.१० लाख वजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | लुम्दीखोला सिंचाई योजना-१ | १लाख ५० हजार | |
| २ | छिसखोला कुटडाँडा सिम्ले सिचाई कुलो निर्माण-३ | १ लाख | |
| ३ | भैलीपोखरा खोटडाँडा सिंचाई कुलो मर्मत-४ | २ लाख | |
| ४ | छत्तिनवोट तल्लो कुलो निर्माण-५ | २ लाख | |

टिकाराम पाण्डे

| | | | |
|---|---|---|---|
| ५ | चेघाखोला भुल्के लप्रादी सिचाईकुलो निर्माण-६ | १लाख ५० हजार | |
| ६ | आठ वाह सिंचाई कुलो निर्माण-७ | १ लाख | |
| ७ | साठीमुरी हुडुङ्ग सिंचाई कुलो निर्माण-७ | १ लाख | |

गाउँपालिकाको कार्यालय गोहाङ, गुल्मी प्रदेश नेपाल

निर्णय नं.१२-प्रस्ताव नं.१२ माग भई आएका योजनाहरु सम्वन्धमा छलफल गर्दा निम्नानुसारका योजनामा निम्नानुसारको वजेट विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | ढाव अपाङ्गमैत्री पद मार्ग -६ | २ लाख | भैपरी शीर्षकवाट |
| २ | ग्याविन जाली खरिद | ३ लाख | भैपरी शीर्षकवाट |
| ३ | धर्मपुर मा.वि. खेलमैदान निर्माण - ३ | २ लाख | विद्यालय भौतिक पूर्वाधार शीर्षकवाट |
| ४ | लुम्पेक भञ्याङ्ग खानेपानी मुल संरक्षण -३ | १ लाख | खानेपानी शीर्षकवाट |
| ५ | पाँहादी आश्रम शौचालय निर्माण -२ | १लाख ७४ हजार | भैपरी शीर्षकवाट |
| ६ | नवदुर्गा आ.वि.देखि मुल सडकसम्म वाटो निर्माण-४ | १ लाख | भैपरी शीर्षकवाट |
| ७ | चेहेमी वस्ती संरक्षण (मोटे दमाई)-२ | १ लाख | भैपरी शीर्षकवाट |
| ८ | चेहेघा खोला फलामे पुल निर्माण-६ | १ लाख २५ हजार | भैपरी शीर्षकवाट |
| ९ | रितौदी चौरदेखि वस्तीसम्म मो. वा. निर्माण-६ | ५० हजार | भैपरी शीर्षकवाट |
| १० | धवादी खानेपानी ट्याङ्की निर्माण-१ | १ लाख २४ हजार | खानेपानी शीर्षकवाट |
| ११ | तल्लो आरनटोल खानेपानी ट्याङ्की निर्माण-७ | १ लाख | लक्षित वर्ग कार्यक्रम शीर्षकवाट |
| १२ | रितौदी लोहोरेआप मो.वा. ढलान-६ | १लाख ५५ हजार | भैपरी शीर्षकवाट |
| १३ | सत्यवती मा.वि. खेलमैदान सफा गर्ने कार्य-५ | ८४ हजार | विद्यालय भौतिक पूर्वाधार शीर्षकवाट |
| १४ | खोल्टेपानी खा.पा. ट्याङ्की तथा धारा निर्माण-२ | १ लाख ६९ हजार | खानेपानी शीर्षकवाट |
| १५ | खिना कुमारी वि.क.-४, विपद घर निर्माण | ८० हजार | लक्षित वर्ग कार्यक्रम शीर्षकवाट |

प्रस्ताव नं.१३-विविध सम्वन्धमा ।क) गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जनातर्फ मागको आधारमा शिप विकास कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

ख) स्वास्थ्य राहत कार्यक्रम अन्तर्गत निम्नानुसारका व्यक्तिहरुको आर्थिक अवस्था निकै कमजोर भएको तर उपचारमा धेरै रकम खर्च भएकोले निम्नानुसारको रकम उपलव्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | व्यक्तिको नाम ठेगाना | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | सन्तोष भट्टराई -२ | ७८ हजार | |
| २ | धन वहादुर तरामु-२ | ४५ हजार | |
| ३ | युवराज राहाडी-२ | ३० हजार | |

टिकाराम पाण्डे
अध्यक्ष